# कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
# वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.:०८३-५२३६७२

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२**

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय युवा तथा खेलकुद महाशाखाले युवाहरुमा वैज्ञानिक खोज, सिर्जनशिलता बढाउन तथा आविष्कारतर्फ जिज्ञासु बनाउन कर्णाली प्रदेशका युवाहरुमा वैज्ञानिक सीप, दक्षता, क्षमता विकास र प्रोत्साहन गर्नका लागि युवा वैज्ञानिक सम्मेलन (साझेदारीमा)का लागि रु १०,०००,००।(दश लाख) बजेट विनियोजन गरेको छ।यसै कार्यक्रमको वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन २०८२ को अधिनमा रही आर्थिक वर्ष २०८२/८३ मा ५०/५० प्रतिशत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक सरकारी/गैरसरकारी संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रदिन) भित्र तपसिल बमोजिमका विवरणहरु सहित प्रस्तावना पेश गर्न आव्हान गरिएको छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गरिने छैन ।

प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछः

(क) संस्था स्थापना भई कम्तिमा २ वर्ष वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरेको अनुभव भएको ।

(ख) नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानीय वा प्रदेश सरकारसंगको साझेदारीमा काम गरेको अनुभव भएको ।

लागत साझेदारी अन्तर्गतको यो कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले कम्तीमा परियोजनासँग सम्बन्धित सञ्चालन खर्च साझेदारीको मोडेलमा व्यवस्थापन गनुपर्नेछ। संयुक्त उपक्रममा प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिइने छ।

प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।

(ख) पछिल्लो वा चालु आ.व. भन्दा अघिल्लो आ.ब.को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।

(ग) स्थायी लेखा नम्वरको प्रमाणपत्रको प्रतिलिपि।

(घ) पछिल्लो आ.ब.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।

(ङ) प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना सामाजिक विकास मन्त्रालयमा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति बुझाउनु पर्नेछ।

(च) प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्न अनुरोध छ ।

थप जानकारीका लागि सम्पर्कः

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय

युवा तथा खेलकुद महाशाखा वीरेन्द्रनगर, सुर्खेत

वेब साईटः https://mosd.karnali.gov.np सम्पर्क नंः:९८५८०८८०९९ ईमेलः ysd.mosdkarnali@gmail.com